***यस कार्यक्रमका प्रमुख अतिथि माननीय गृहमन्त्री श्री राम बहादुर थापाज्यू, माननीय सांसदज्यूहरु, आयोगका माननीय सदस्यज्यू प्रकाश वस्तीज्यू, माननीय सदस्य मोहना अन्सारीज्यू, माननीय सदस्य गोविन्द शर्मा पौड्यालज्यू, माननीय महान्यायाधिवक्ता अग्नि खरेलज्यू, सचिवज्यू, सुरक्षा निकायका उच्च अधिकृतज्यूहरु, नेपाल सरकारका सचिव, उच्च पदाधिकारीहरु, उपस्थिति सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु***

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार तथा मौलिक हकको कार्यान्वयमा संवैधानिक कानूनी व्यवस्थाहरु, समस्या र चुनौतीहरुको सम्वन्धमा विस्तृत अध्ययन गर्ने उद्देश्यका साथ आयोगले ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा प्रदेश स्तरीय कार्यक्रमहरु सम्पन्न गरी आज यहाँहरु माझ सोही उद्देश्यका साथ भेला भएका छौं ।

संविधान-सभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भई संघ, प्रदेश र स्थानीय तह समेतको निर्वाचन सम्पन्न भएको छ । संविधानको कार्यान्वयनको लागि मौलिक हकसँग तथा अन्य विषयसँग सम्बन्धित कानूनहरु नेपाल सरकारबाट तदारुकताका साथ निर्माण भएको अवस्थालाई सकारात्मक उपलब्धिको रुपमा लिन

सकिन्छ । सरकारबाट भइरहेका उपलब्धिहरुलाई हेर्दा मानव अधिकारका विषयलाई सबै तहका सरकारले अंगीकार गरिसकेको अवस्था छ । स्थानीय तहदेखि प्रदेश र संघीय सरकारले अझै थुप्रै संयन्त्रहरु स्थापना गरी मानव अधिकारका विविध विषयको कार्यान्वयनमा विशेष ध्यान पुऱ्याउने छन् भन्ने मैले विश्वास लिएको छु । आशा छ, भोलिका दिनमा सबै तहका सरकारहरु मानव अधिकार कार्यान्वयनमा प्रतिवद्ध हुने छन् ।

नागरिकले प्रत्यक्ष रुपमा उपभोग गर्न पाउने मौलिक हकको उपभोग गर्नमा कुनै बन्देज भएमा संवैधानिक उपचारको हक मार्फत तत्काल उपचारको व्यवस्था हुनु कानूनी सिद्धान्त हो । हामी नेपाली कानून निर्माणमा जति अग्रसर छौँ त्यतिनै कानूनहरुको कार्यान्वयनमा अग्रसर हुन सकिरहेका छैनौं । कानूनहरु निर्माण गर्दा सरकार, जनप्रतिनीधिहरु सवैले नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, सम्मानीत सर्वोच्च अदालतबाट भएका निर्णयहरु र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरुलाई आत्मसात गर्दै कानूनको सामान्य सिद्धान्त र मानव अधिकारका मुल्य मान्यतालाई मद्देनजर गरी निर्माण गनुपर्ने हुन्छ । पछिल्लो समयमा सरकारबाट अग्रसरताका साथ संवैधानिक सिमा भित्र निर्माण गरी सक्नुपर्ने बाध्यताका कारण व्यापक छलफल विना नै केही कानूनहरु निर्माण भएको भनी जन गुनासोहरु आइरहेको छ । यस तर्फ सरकारको ध्यान जानुपर्दछ । हामी सरोकारवाला निकायहरु सम्पूर्णले आ आफ्नो तर्फबाट सरकारबाट भएका सकारात्मक

प्रयासमा सहयोग गर्दै, सुधार गर्न आवश्यक भएमा विषयगत अध्ययन, अवलोकन गरी सुझाव समेत दिनुपर्दछ । मलाई विश्वास छ, सरकारले सरोकारवाला निकायहरुको सुझावलाई सकारात्मक रुप्मा ग्रहण गरी कार्यान्वयन गर्नेछ ।

पछिल्लो समयमा दण्डहीनताको संस्कृति हाम्रो देशमा मौलाउँदै गइरहेको आभास भइरहेको छ । हामी सवैलाई थाहै छ करिव १० बर्ष चलेको सशस्त्र द्वन्द्वमा १३ हजार भन्दी बढी व्यक्तिको ज्यान गएको, हजारौ संख्यामा मानिसहरु वेपत्ता पारिएका र विस्थापित भएका छन् । द्वन्द्वको अवधि समाप्त भएको भनिए पनि सोको घाउ अझै पुरिएको छैन । दण्डहीनता समाप्त गर्ने, सत्य तथ्य पत्ता लगाउने, पीडितलाई न्याय दिलाउने भनी भनि गरिएको विस्तृत शान्ति सम्झौता भएको १२ बर्ष विति सक्दा पनि व्यवहारमा हामीहरु सवै गम्भीर भएको महशुस गर्न अझैपनि सकिएको छैन । दिनानुदिन अहिले पनि मानव अधिकार उल्लंघनका घटनाहरु बढिरहेको र पीडितले न्याय महशुस गर्न नसकिरहेको अवस्था हाम्रा सामु नै छन् । सङ्क्रमणकालीन न्यायका लागि गठन भएका आयोगहरूप्रति पीडितहरूको असन्तुष्टिको संकेतले सकारात्मक परिणाम दिन सक्दैन ।

राज्य नै मानव अधिकारको प्राथमिक संरक्षक हो तर राज्यका संयन्त्रहरु तथा अंगहरुबाट संरक्षकत्वको भूमिका वान्छीत रुपबाट निर्वाह नगरिरहेको जस्तो देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिशहरु पूर्ण कार्यान्वयन भैरहेका छैनन् । मानव अधिकारको

सम्वन्धमा भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन समेत हाम्रो प्रगति सन्तोषजनक छैन । यसरी दण्डहीनताको संस्कृति मौलाउँदै जाने प्रवृति हामी सवैका लागि दुखद् विषय हो ।

राष्ट्रिय मानव अधिकार आयोगले गत फागुन महिनामा दक्षिण एसियामा मानवअधिकार र दण्डहीनताको स्थिति विषयक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा मानव अधिकार राष्ट्रिय संस्था लगायतका २२ देशका प्रतिनिधिहरु, Global Alliance of NHRIs (GANHRI), Asia Pacific Forum of National Human Rights Institutions (APF) तथा नागरिक समाजका प्रतिनीधीहरु एवम् विषय विज्ञहरुको सहभागिता रहेको थियो । अन्तर्राष्ट्रिय सम्मेलनले दक्षिण एसियाका मुलुकहरुको मानव अधिकार सुदृढ गर्न र दण्डहीनता अन्त्यका लागि सरकार तथा राष्ट्रिय मानव अधिकार संस्थाहरुलाई सुझाव समेत दिएको थियो । आगामी बर्षमा पनि आयोगले मानव अधिकारसँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्मेलनहरु गर्ने योजना लिएको छ ।

सरकार र सरकारका संयन्त्रहरु, राजनीतिक दलहरु, नागरिक समाज, पेशागत संघ सस्थाहरु, आयोग लगायत सबैले मौलिक हकको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरुलाई चिर्दै प्रभावकारी कार्यान्वयनमा जानुपर्दछ भने दण्डहीनताको अन्त्य गर्न सवै सरोकारवाला निकायहरुले आफ्नो जिम्मेवारी र दायित्वबाट पञ्छिनु हुँदैन । सरकारले कानून कार्यान्वयन निकायहरुलाई सक्षम, सबल, स्रोत र साधन सम्पन्न बनाउँदै लानुपर्दछ । मौलाउँदै गएको

दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न हामी सवै सरोकारवालाहरु, नागरिक समाज तथा राजनीतिक दलहरुले संयुक्त रुपमा दवाव र प्रयासहरु जारी राख्नुपर्दछ ।

आयोगले संवैधानिक तथा कानूनी कार्यादेश अनुसार मानव अधिकार संरक्षण, सम्बर्धन र सुनिश्चतता गर्ने कार्यमा सदैव क्रियाशील छ । मानव अधिकार संरक्षण र सम्बर्धनमा सवैले आ आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ । यस्ता कार्यक्रमहरुले सरकारको तर्फबाट खेलिनुपर्ने भूमिकालाई अझै जिम्मेवार र प्रभावकारी गराउनको लागि अवश्य नै दिशानिर्देश मिल्ने छ ।

अन्त्यमा, आफ्नो व्यस्तताको बाबजुद अमूल्य समय दिई आजको यस कार्यक्रमा  उपस्थित हुनु भएका माननीय गृह मन्त्री श्री राम बहादुर थापाज्यू, माननीय महान्यायाधिवक्ताज्यू समेत सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु तथा आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन्छु ।

॥ धन्यवाद ॥ १२ पुष, २०७५,

ललितपुर, नेपाल